प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

कार्यक्षेत्र: कपिलवस्तु, अर्घाखाँची

०७६-५६००२१/५६१०४१
ईमेल:vethospkapilvastu@gmail.com

प.सं. ०७६/०७७
च.नं. २१६

मिति: २०७६/०९/२७

विषय: सूचना सम्वन्धमा।

श्री जिल्ला समन्वय समितिको कार्यालय, कपिलवस्तु / अर्घाखाँची

श्री जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु / अर्घाखाँची

श्री क.व., बाणगंगा, बुध्दभुमी, शिवराज, महराजगंज, कृष्णनगर नगरपालिकाको कार्यालय तथा शुध्दोधन, मायादेवी, यशोधरा, विजयनगर गाउँपालिकाको कार्यालय, कपिलवस्तु ।

श्री सन्धिखर्क, भूमिकास्थान, सितगंगा नगरपालिकाको कार्यालय तथा मालारानी, पाणिनी, छत्रदेव गाउँपालिकाको कार्यालय, अर्खाखाँची ।

उपरोक्त सम्वन्धमा भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, कपिलवस्तुको अ.व. ०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सूचनामा उल्लेखित अनुदानमा संचालित कार्यक्रमहरूको मिति २०७६/०९/२७ मा प्रकाशित सूचना यसै पत्र साथ संलग्न राखि पठाईएको छ । उक्त सूचना, सूचना पाटीमा टाँस तथा मातहतका निकायमा समेत जानकारी गराई प्रचार प्रसारमा सहयोग गरि सोको जानकारी पठाई सहयोग गरि दिनुहुन हार्दिक अनुरोध छ ।

७६।९।२६

श्रवण कुमार चौधरी
वरिष्ठ मत्स्य विकास अधिकृत

श्रवण कुमार चौधरी
वरिष्ठ मत्स्य विकास अधिकृत

बोधार्थ

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ५, बुटवल ।

श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
प्रदेश नं. ५ जानकी नगर, बुटवल ।

प्रदेश सरकार
प्रदेश नं. ५
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

कार्यक्षेत्र : कपिलवस्तु, अर्घाखाँची (नेपाल)

## मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागी प्रस्ताव आब्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६/०९/२७**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत मत्स्य पकेट तथा ब्लक कार्यक्रम सञ्चालनको लागी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कपिलवस्तुको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम **मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम संचालन विधि-२०७६** अनुसार लागत साझेदारीमा कार्य गर्न इच्छुक कपिलवस्तु र अर्घाखाँची जिल्लाका व्यवसायिक फर्म, कम्पनी नीजि उद्यमी सहकारी कृषकहरुले **मत्स्य पकेट तथा ब्लक कार्यक्रमको हकमा** सूचना प्रकाशित भएको मितिले १५ दिन तथा **मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रमको हकमा तालिकामा उल्लेखित कार्यक्रम अनुसार १५ र ३० दिन** भित्र कार्यालय समयमा तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नहुन यो सूचना आव्हान गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल:

क. मत्स्य पकेट तथा ब्लक कार्यक्रम

| क्र.स. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी अनुदान | न्यूनतम मापदण्ड | चलू अनुदान | पुँजिगत अनुदान |
|---|---|---|---|---|---|---|
| १ | मत्स्य पकेट कार्यक्रम मत्स्य | ४ | ५० प्रतिशत | कार्यक्रम सञ्चालनको लागी एकै कलस्टरमा कम्तिमा ६ हेक्टर क्षेत्रफलमा जलाशय निर्माण गर्न सकिने हुनु पर्नेछ। | १६.८४ लाख | ३९.२८ लाख |
| २ | नया मत्स्य ब्लक कार्यक्रम मत्स्य | १ | ५० प्रतिशत | यसको लागी एकै कलस्टरमा कम्तिमा ६० हेक्टर क्षेत्रफलमा जलाशय निर्माण गर्न सकिने हुनुपर्नेछ | १२ लाख | २८ लाख |
| ३ | पुरानो मत्स्य ब्लक कार्यक्रम (मायादेवी गा.पा.) | १ | ५० प्रतिशत | आवश्यक कागजात सहित रितपूर्वक कार्यक्रम माग गर्नुपर्नेछ। | ७५.४ लाख | १७६.० लाख |

नोट: पकेट, ब्लक सञ्चालन हुने स्थानमा सडक, सिंचाई, विधुत र वित्तिय संस्थाको पहुँच भएको वा हुन सक्ने हुनु पर्नेछ।

नयाँ पकेट तथा ब्लकको लागि आवश्यक कागजातहरु

- रु.१० को टिकट टाँस गरी तोकिएको ढाँचाको प्रस्ताव पत्र।
- आधिकारीक निकायमा संस्थाको दर्ता प्रमाण पत्र, pan/vat दर्ता प्रमाण पत्र, वार्षिक अडिट रिपोर्ट, कर चुक्ता प्रमाण पत्र।
- संस्था संचालक समितिको निर्णयको प्रतिलिपी।
- अन्य निकायबाट अनुदान प्राप्त नभएको तथा ५० प्रतिशत लागत साझेदारीमा सञ्चालन गर्ने प्रतिबद्धता पत्र।
- पकेट वा ब्लक कार्यक्रममा संलग्न हुने कृषकहरुको नागरिकताको प्रतिलिपी।
- स्थानीय तहको सिफारिस पत्र।

पुरानो ब्लकको लागि आवश्यक कागजातहरु

- रु.१० को टिकट टाँस गरी तोकीएको ढाँचाको प्रस्ताव पत्र।
- विनियमको प्रतिलिपी थान १
- आ.व.२०७५/०७६ को लेखा परिक्षणको प्रतिवेदन।
- ब्लक दर्ता प्रमाण पत्रको प्रतिलिपी।
- संचालक समितिको निर्णयको प्रतिलिपी।

भुवन कुमार चौधरी
मत्स्य विकास अधिकृत